# बेथानचोक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
डुंखर्क, काभ्रेपलाञ्चोक
वागमती प्रदेश, नेपाल

पत्र संख्याः
चलानी नं. : ६६२

मिति : २०७८।०९।०२

**विषयः निर्देशन सम्बन्धमा ।**

श्री सवै सामुदायिक विद्यालयहरु
बेथानचोक गाउँपालिका ।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शिक्षक व्यवस्थापन समन्वय शाखा, सानोठिमी, भक्तपुरको च.नं. ११८ मिति २०७८।०८।२३ को पत्रवाट उच्च अदालत पाटन, रिट शाखाको च.नं ४८० मिति २०७८।०८।२२ को पत्रानुसार निवेदक अजित भण्डारी र विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरवार, काठमाण्डौ समेत भएको उत्प्रेषणको रिट निवेदनमा उच्च अदालत पाटन, ललितपुरवाट मिति २०७८/०८/१९ मा भएको अन्तरिम आदेश यसै पत्रसाथ संलग्न गरिएको छ । सोही अनुसार गर्नु गराउनुहुन अनुरोध छ ।

२०७८/०९/०२

.......................
राजेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ
श्री सूचना प्रविधि शाखा- वेवसाइटमा अपलोड गरिदिनुहुन ।

Scanned by CamScanner

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

शैक्षिक योजना तथा विकास महाशाखा

## शिक्षक व्यवस्थापन समन्वय शाखा

सानोठिमी, भक्तपुर

प.सं. २०७८/०७९ शि.व्य
च.नं. १५८

मिति:२०७८/०८/२३

विषय: निर्देशन ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ, सबै ।
श्री स्थानीय तह, सबै ।

प्रस्तुत विषयमा उच्च अदालत पाटन, ललितपुर, रिट शाखाको च.न. ४८० मिति २०७८/०८/२२ को पत्रानुसार निवेदक अजित भण्डारी र विपक्षी प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं समेत भएको उत्प्रेषणको रिट निवेदनमा उच्च अदालत पाटन, ललितपुरबाट मिति २०७८/०८/१९ मा भएको तपसिल अनुसारको अन्तरिम आदेशानुसार गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

<u>तपसिल</u>

"राजनीतिमा भाग लिन नमिल्ने सार्वजनिक पदमा बहाल रहेका पदाधिकारीहरुले राजनीतिक दलको सदस्यता लिई राजनीतिक गतिविधीमा संलग्न रहेको हुँदा सो लाई रोकी पाउन प्रस्तुत निवेदन परेको देखियो । राजनीतिक दल सम्बन्धी ऐन २०७३, निजामती सेवा ऐन, शिक्षा ऐन लगायत सरकारी सेवामा संलग्न हुने कर्मचारी सम्बन्धी विभिन्न ऐन लगायत राजनीतिक दलहरुले पारित गरेका विधानहरुमा पनि सार्वजनिक पदमा बहाल रहेका व्यक्तिहरुले राजनीतिमा भाग लिन नपाउने प्रावधान रहेको पाइन्छ । कानुनमा भएका व्यवस्था कार्यान्वयनमा आउनु पर्ने, कानुनको परिपालना सबैले गर्नुपर्ने, कानुनको परिपालना सबैले गर्नुपर्ने, कानुन विपरितको कार्य कसैले गरेमा सो गर्न लागेमा सो लाई नियामक निकायले कानुन बमोजिम गर्न लगाउनुपर्ने, कानुनमा उल्लघन गर्नेहरुलाई दण्डित गरी यथावत कानुन परिपालना गराउन सम्बन्धित निकाय क्रियाशील हुनै पर्ने कुरालाई अनिवार्य दृष्टिगत गरी उल्लेखित कानुनको परिपालना गर्नु गराउनु हुन भनी विपक्षीहरुका नाउँमा उच्च अदालत नियमावली २०७३ को नियम ४२ (१) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ । यो आदेशको जानकारी सबै विपक्षीहरुलाई दिई नियमानुसार गर्नु ।"

२०७८/८/२३

..................................
बसन्त प्रसाद कोइराला
निर्देशक

URL https://www.cehrd.gov.np

Section email teachermgt.cehrd@gmail.com

Scanned by CamScanner